नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री तोय नारायण सुवेदीले गरेको फैसला

मुद्दा-:क्षतिपुर्ति।

मि.नं.-३१८ दायर मिति-: २०८१/१२/२७

फैसला मिति:-२०८२/०६/२३

| वादी | प्रतिवादी |
|---|---|
| प्रबिन कुमार झाको जाहेरीलेवादी नेपाल सरकार----१ | जिल्ला पर्सा बहुदरमाई नगरपालिका वडा नं.-९ बिश्रामपुर टोल बस्ने हिरा राउतको छोरा भोला प्रसाद जैशवाल समेत २ जना ......१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१. प्रतिवादी भोला प्रसाद जैसवालले हाकी चलाई ल्याएको ना. ५ त १२३३ नम्बरको ट्याक्टरले ठक्कर दिई रवि कुमार झा गम्भिर घाईते भएको र उपचारको लागि अस्पताल लगेको भन्ने व्यहोराको प्रबिन कुमार झाको जाहेरी दरखास्त ।
२. प्रतिवादी भोला प्रसाद जैसवालले हाकी चलाई ल्याएको ना. ५ त १२३३ नम्बरको ट्याक्टरले ठक्कर दिई रवि कुमार झा गम्भिर घाईते भएको र उपचारको लागि अस्पताल लगेको भन्ने घटनास्थल मुचुल्का ।
३. रवि कुमार झाको घाउ जाँच केश फाराम प्रतिवेदन।
४. मैले हाकी चलाई ल्याएको ना. ५ त १२३३ नम्बरको ट्याक्टरले ठक्कर दिई रवि कुमार झा घाईते भएको र उचारको लागि अस्पताल लगिएको भन्ने प्रतिवादी भोला प्रसाद जैसवालको बयान कागज ।
५. प्रतिवादीले हाकी चलाई ल्याएको ना. ५ त १२३३ नम्बरको ट्याक्टरले ठक्कर दिई रवि कुमार झा गम्भिर घाईते भएको र उचारको लागि अस्पताल लगिएको भन्ने मौकामा बुझिएका जयराम मुखिया विन समेतको घटनाविवरण कागज ।
६. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
७. प्रतिवादी भोला प्रसाद जैसवालले यस कार्यालयमा आई गरेको साबिती बयान ।
८. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
९. जाहेरवाला प्रविण कुमार झा यस कार्यालयमा उपस्थित भई गरेको बकपत्र ।
१०. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

ठहर-खण्ड

यसमा कृषि बिकास बैंक लि. पोखरिया शाखामा कार्यरत मेरो दाजु रवि कुमार झा कामको सिलसिलामा मिति २०८१।११।२६ गते साँझ पोखरियाबाट प्रदेश २-०३-०२० प. ४४८७ नम्बरको मोटरसाईकल चलाई बीरगंजतर्फ जाने क्रममा साँझ अं. ७:०० बजेको समयमा जिल्ला पर्सा पोखरिया न.पा. वाडा नं.९ सेमरवारी चौकस्थित मालपोत कार्यालय अगाडी बीरगंज पोखरिया सडकखण्डमा पुग्दा सोही दिशा अर्थात पछाडीबाट मादक पदार्थ सेवन गरेका प्रतिवादी भोला प्रसाद जैसवालले लापरवाही पुर्वक तिव्रगतीमा चलाई ल्याएको ना. ५ त १२३३ नम्बरको ट्याक्टरले दाजुको मोटरसाइकलको पछाडी ठक्कर दिंदा मोटरसाईकलसंगै उछिटिई भुई सडकमा पछारिनु भएकोमा दाजुको पछाडी कम्मर, पिंठ्यु हुँदै काँधको भागसम्म ट्याक्टरको चक्काले किची निजको कम्मर, पिठ्युँ, छाती र अनुहार समेतका शरीरको विभिन्न अङ्गहरुमा गम्भीर चोटहरु लागि घाईते हुनु भएको हुँदा तत्काल स्थानीय प्रहरी समेतको सहयोगमा दाजुको उद्धार गरी उपचारको लागि नजिकैको पोखरिया अस्पतालमा लगेकोमा उक्त अस्पतालमा उपचार हुन नसकि तत्काल एम्बुलेन्समा राखि थप उपचारको लागि बीरगंज लिई आएकोमा नेशनल मेडिकल कलेज बीरगंजमा भर्ना भई उपचार हुन नसकी ऐ.२७ गते हेलिकप्टर मार्फत थप उपचारको लागि काठमाण्डौ स्थित बी. एण्ड बी. अस्पताल ग्वार्को ललितपुरको आई.सि.यु कक्षमा भर्ना भई दाजुको उपचार भईरहेको, उक्त दुर्घटनाको कारण दाजुको छातीको ७ वटा र कम्मर समेतको हड्डी भाँचिई अंगभंग भएको हुँदा निज प्रतिवादीलाई कानुन बमोजिम गरी पाउँ भन्ने व्यहोराको प्रविन कुमार झा को जाहेरी दरखास्त सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज, अधिकार प्राप्त

अधिकारी समक्ष यी प्रतिवादी भोला प्रसाद जैसवाल गरेको बयान र यस कार्यालयमा उपस्थित भई प्रतिवदीहरु भोला प्रसाद जैसवाल र रामएकवाल प्रसाद साह (टयाक्टर धनी)ले गरेको साबिती बयान तथा जाहेरवाला प्रविण कुमार झा यस कार्यालयमा उपस्थित भई गरेको बकपत्र समेतको आधारमा यी प्रतिवदीहरुबाट सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(१) को खण्ड (ख) र दफा १६३(२) बमोजिमको रकम र क्षतीपूर्ती ऐ. ऐनको दफा १६३(१) बमोजिम घाईतेहरुलाई दिलाई भराउनु पर्नेमा प्रस्तुत सवारी दुर्घटनामा परी घाईते भएका रबिकुमार झाको हालसम्म उपचारमा रु.१३,०८,४६१/- (तेह्रलाख आठहजार चारसय एकसठ्ठी) खर्च भएको मिसिल संलग्न औषधी उपचार सम्बन्धी बिल भरपाईबाट देखिन्छ। उपचार खर्च वापतको उल्लेखित रकम र अंगभंग वापतको क्षतीपूर्ती समेत सवारी धनी पक्षबाट हालसम्म घाईते पक्षले पाएको नदेखिंदा सवारी धनी (टयाक्टर धनी) रामएकवाल प्रसाद साह र टयाक्टर चालक भोला प्रसाद जैसवालबाट निज घाईतेको उपचारमा लागेको खर्च रकम रु.१३,०८,४६१/- (तेह्रलाख आठहजार चारसय एकसठ्ठी) र घाईतेले पाउने नियमानुसारको क्षतीपुर्ती रकम समेत सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(१) ले व्यवस्था गरे अनुरुप सोही ऐनको १६३(१) को खण्ड (ख) र दफा १६३(२) बमोजिम जाहेरवाला तथा घाईतेलाई दिलाई भराई पाउँन भनि वादी नेपाल सरकारको अभियोग माग दावी रहेकोमा घाईते पक्ष र प्रतिवादी पक्ष बिच उपचारमा लागेको सम्पूर्ण खर्च तथा उचित क्षतपुर्ति समेत पाई सकेको तथा अन्य कुनै क्षतिपूर्ति माग दावी नरहेको र अब उप्रान्त यो विषयमा कहित कतै उजुर वाजुर नगर्ने नगारउने भनि भएको मिलापत्रको कागज जिल्ला सरकारी वकिल कार्यालय, पर्सा मार्फत प्राप्त हुन आएको मिसलबाट देखिन आएको साथै जाहेरवाला समेत यस कार्यालयमा उपस्थित सोही व्यहोराको बकपत्र समेत गरेको देखिदा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(१) को खण्ड (ख) र दफा १६३(२) बमोजिमको रकम र क्षतीपूर्ती ऐ. ऐनको दफा १६३(१) बमोजिम दिलाई भराई दिने सम्बन्धमा केही गरी रहनु परेन । साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीहरुबाट क्षतिपूर्ति शुल्क वापतको रकम निर्धारण गरी ऐ. ४१(५) बमोजिम पीडित राहत कोषमा दाखिला हुने रकमको सम्बन्धमा रु.५२३३८/- अक्षरेपी बाउन्न हजार तीन सय अठ्तीस मात्र हुने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(१) को खण्ड (ख) र दफा १६३(२) बमोजिमको रकम र क्षतीपूर्ती ऐ. ऐनको दफा १६३(१) बमोजिम दिलाई भराई दिने सम्बन्धमा मिलापत्रको कागज पेश हुन आएको हुँदा केही गरी रहनु परेन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीहरुबाट क्षतिपूर्ति शुल्क वापतको रकम रु.५२३३८/- ऐ.४१(५) बमोजिम पीडित राहत कोषमा दाखिला गर्न लगाउनु । साथै सोको जानकारी कारागार कार्यालय, पर्सा र कारागार कार्यालय, पर्सामा थुनामा रहेका प्रतिवादी भोला प्रसाद जैसवाल समेतलाई गराउनु ------------------------------------------------ ---------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत बीरगंज पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु-१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------------------१

तोय नारायण सुवेदी
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८२ असोज महिना २३ गते विहीवार रोज ५/ ने.सं. ११४५ कौलागा तृतिया, शुभम् ........